**सत्य प्रवाह राष्ट्रिय दैनिक पत्रिका**

प्रकाशक : सत्य संदेश प्रवाह प्रा.लि.
सम्पादक : सदाम हुसैन धोवी
कम्प्युटर अपरेटर : कृष्णा पंडित
सम्पर्क कार्यालय : मलंगवा नगरपालिका- १०,सर्लाही
मो०.: ९८६३०५११००, ९८१२०५७२००
वेबसाईड : satyaprawahkhabar.com
Email : satyaprawah123@gmail.com
मुद्रक : पशुपति अपसेट प्रेस मलंगवा, सर्लाही
(९८५४०३३८०७, ९८४४०३३८०७)

## सम्पादकीय......................

### गरिबीको असमान बितरण

*देशका सात सय ५३ मध्ये चार सय ४४ स्थानीय तहमा गरिबीको दर राष्ट्रिय औसतभन्दा बढी पाइएको छ । राष्ट्रिय तथ्यांक कार्यालयले गत साता सार्बजनिक गरेको 'गरिबीको लघुक्षेत्र अनुमान-२०२३' ले यस्तो देखाएको हो । उक्त आँकलनअनुसार देशका तीन सय नौ स्थानीय तहको गरिबीको दर राष्ट्रिय औसत अर्थात् २०.२७ प्रतिशतभन्दा कम छ भने चार सय ४४ स्थानीय तहको गरिबीको दर राष्ट्रिय औसतभन्दा बढी छ । उक्त अध्ययनका अनुसार नेपालमा स्थानीय तहको गरिबीको दर न्यूनतम १.१८ देखि अधिकतम ७७.८९ पाइएको छ । यसले नेपालका स्थानीय तहमा गरिबी कसरी असमान हिसाबमा बितरित छ भन्ने देखिन्छ । गत सार्बजनिक आँकलनअनुसार स्थानीय तहमा सबैभन्दा बढी गरिबीको दर ७७.८९ प्रतिशत जाजरकोट जिल्लाको जुनीचाँदे गाउँपालिकामा छ । सबैभन्दा कम अर्थात् १.१८ प्रतिशत गरिबीको दर मुस्ताङको घरपझोङ गाउँपालिकामा छ । यसैगरी गरिबीको रेखामुनि रहेको जनसंख्या सबैभन्दा धेरै ५९ हजार दुई सय १८ काठमाडौं महानगरपालिकामा छ, जबकि महानगरपालिकामा गरिबीको दर ६.८७ प्रतिशत छ । यसैगरी जिल्लागत तहको गरिबी बिश्लेषण गर्दा सबैभन्दा धेरै ४९.५८ प्रतिशत सुदूरपश्चिम प्रदेशको अछाममा र सबैभन्दा कम गण्डकी प्रदेशको कास्कीमा ५.६३ प्रतिशत छ । यसैगरी जिल्लागत गरिबीको दरको बिश्लेषण गर्दा ३४ जिल्लाको गरिबीको दर राष्ट्रिय औसत २०.२७ प्रतिशतभन्दा कम र ४३ जिल्लाको गरिबीको दर राष्ट्रिय औसतभन्दा बढी देखिएको छ । प्रदेशगत रूपमा भने सबैभन्दा कम गरिबी गण्डकी प्रदेशमा रहेको छ भने सबैभन्दा बढी गरिबी सुदुरपश्चिम प्रदेशमा छ । राष्ट्रिय तथ्यांक कार्यालयले यसअघि सार्बजनिक गरेको नेपाल जीबनस्तर सर्बेक्षण चौथो (२०७९/८०) मा नेपालमा अझै पनि सरदर २०.२७ प्रतिशत मानिसहरू गरिबीको रेखामुनि रहेको जनाइएको छ । स्मरणीय छ, पहिलो नेपाल जीबनस्तर सर्बेक्षण (आर्थिक बर्ष २०५२/५३) को प्रतिबेदनअनुसार नेपालमा गरिबीको रेखामुनिको जनसंख्या ४१.७६ प्रतिशत थियो। दोस्रो नेपाल जीबनस्तर सर्बेक्षण (२०६०/६१) को प्रतिबेदनअनुसार यस्तो जनसंख्या ३०.८५ प्रतिशत थियो भने तेस्रो नेपाल जीबनस्तर सर्बेक्षण (२०६६/६७) को प्रतिबेदनअनुसार गरिबीको रेखामुनिको जनसंख्या २५.३९ प्रतिशत थियो । यसरी तुलनात्मक रूपमा हेर्दा पछिल्लो करिब चार दशकमा नेपालमा गरिबीको रेखामुनिको जनसंख्या १९.४९ प्रतिशत बिन्दुले घटेको देखिन्छ । तर यो गरिबी निबारणमा रेमिट्यान्सको योगदान अत्यधिक छ । तर, रेमिट्यान्स दिगो आर्थिक स्रोत होइन । रेमिट्यान्स घटनासाथ गरिबी फेरि बढ्ने बिज्ञको तर्क छ । हाम्रो तथ्यांकले गरिबी घटेको देखाए पनि नेपाली समाजमा अझै गरिबी र अभावसँग लडिरहेका, जीबनका लागि संघर्ष गरिरहेका, रोग र भोकसँग लडिरहेका, निन्याउरो अनुहार लिएर आयआर्जनको अबसर खोजिरहेका मान्छेको भिड देखिन्छ । यो सन्दर्भमा गत साता सार्बजनिक गरिएको 'गरिबीको लघुक्षेत्र अनुमान-२०२३'ले देशका सबै प्रदेश, स्थानीय तह र जिल्लामा गरिबीको परिदृश्य कस्तो छ भनेर प्रस्ट्याएको छ । तथ्यांक कार्यालयका अनुसार देश संघीयतामा गएपछि संघ, प्रदेश र स्थानीय तहको नीति योजना तथा कार्यक्रम निर्माणमा खण्डीकृत र स्थानीय तथ्यांकको माग हुने सन्दर्भमा यो तथ्यांकको महत्त्व अहम् छ । त्यसो त नेपालमा गरिबी निबारण एक प्रमुख सामाजिक मुद्दा हो र तीनै तहको प्राथमिकताको बिषय पनि हो । गरिबी निबारणका लागि चाहिने नीति, योजना तथा कार्यक्रम निर्माण, कार्यान्बयन, अनुगमन तथा मूल्यांकनका लागि यस्ता तथ्यांक निकै उपयोगी हुन्छन् ।*

# १५ देखि १९ वर्ष समूहका चारमध्ये एक जना विद्यालयबाहिर : प्रतिवेदन

*सत्य प्रवाह समाचारदाता-* सर्लाही, २९ पुष । देशभर ५ वर्षदेखि १७ वर्ष उमेर समूहका झन्डै १० प्रतिशत अर्थात् ७ लाख ७० हजार बालबालिका विद्यालयबाहिर रहेका छन् । राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार तीमध्ये झन्डै आधा बालबालिका कहिल्यै विद्यालय नगएका र आधा विद्यालय जान छाडेका छन् । राष्ट्रिय तथ्याङ्क कार्यालयले राष्ट्रिय जनगणना २०७८ मा आधारित नेपालमा शिक्षा र समाबेशिता र बालबालिकाको अवस्था बिषयक प्रतिबेदन सार्बजनिक गर्दै यसबारे जानकारी गराएको हो । यो अवस्था विकट भूगोल, न्यून आयस्तर र सीमान्तकृत समुदायमा बढी देखिएको छ । कार्यालयको जनसङ्ख्या शाखाका निर्देशक बिनोदशरण आचार्यका अनुसार विद्यालय बाहिर रहने जोखिम प्रारम्भिक उमेर (५ वर्ष) र माध्यमिक तहमा प्रवेश गर्ने उमेर १० देखि १४ वर्षमा उच्च रहेको छ । बिशेषगरी कक्षा ५ पछिको वर्षहरूमा विद्यालय छाड्ने प्रवृत्ति उल्लेखनीय रूपमा बढेको आचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार प्रादेशिक रूपमा मधेशमा कहिल्यै विद्यालय नगएका बालबालिकाको हिस्सा ६० प्रतिशतभन्दा धेरै रहेको छ । गण्डकीमा किशोरा अवस्थामुनिका विद्यालय बाहिरका बालबालिकाको अनुपात ५ प्रतिशतभन्दा कम रहेको छ । जाजजातिका रूपमा मधेशी, मधेशी दलित तथा धार्मिक र भाषिक अल्पसङ्ख्यक समुदायका झन्डै तीन चौथाइ बालबालिका कहिल्यै विद्यालय नगएका समूहमा परेका छन् । यसको बिपरीत पहाडी जातजाति र पहाडी जनजातिमा विद्यालयबाहिर रहने बालबालिकाको सङ्ख्या न्यून देखिएको प्रतिबेदनमा उल्लेख छ । प्रतिबेदनअनुसार विपन्न बर्गका झन्डै ४५ प्रतिशत बालबालिका र सम्पन्न बर्गका ३ प्रतिशत बालबालिका विद्यालयबाहिर रहेका छन् । ५ वर्षको उमेरपछि विद्यालय जाने दर उच्च भए पनि माध्यमिक तहपछि विद्यालयमा उपस्थिति दर तीव्र रूपमा घटेको छ । १५ वर्षदेखि १९ बर्ष उमेर समूहका चारमध्ये एक जना विद्यालयभन्दा बाहिर रहेका छन् । छात्राहरूको हकमा यो समस्या अझ गहिरो देखिएको प्रतिबेदनमा उल्लेख छ । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा कुल ९८ लाख ६९ हजार ५ सय ८३ बालबालिका रहेका छन् । यो कुल जनसङ्ख्याको ३४ प्रतिशत हो । २०५८ सालमा ४७ प्रतिशत रहेको बालबालिकाको अनुपात २०७८ सालसम्म आइपुग्दा लगातार घट्दै गएको प्रतिबेदनमा उल्लेख छ । २१०८ सालसम्ममा बालबालिकाको हिस्सा २२ प्रतिशतमा सीमित हुने प्रतिबेदनको प्रक्षेपण छ । मधेश र लुम्बिनीमा बालबालिकाको उपस्थिति अन्य प्रदेशको तुलनामा उच्च रहेको छ । कुल बालबालिकामध्ये मधेशको हिस्सा २४ प्रतिशत रहेको छ भने कर्णाली र गण्डकीमा प्रत्येकको हिस्सा ७ प्रतिशत मात्र रहेको छ । यस्तै १६ देखि १७ वर्ष उमेर समूहका ५ प्रतिशत बालबालिकाको बिबाह भइसकेको पाइएको छ । कर्णाली प्रदेशमा यो दर ९ प्रतिशत र बागमती प्रदेशमा सबैभन्दा न्यून ३ प्रतिशत रहेको छ । बिबाहित किशोरीमध्ये २६ प्रतिशत गर्भवती रहेको र बिबाहित बालबालिकामध्ये केवल ३७ प्रतिशत मात्र विद्यालय गइरहेका छन् । अबिबाहित बालबालिकामध्ये ८९ प्रतिशत विद्यालयमा अध्ययरत छन् । बिबाहित बालबालिकामध्ये निष्क्रिय बालबालिकाको तुलनामा तीन गुणा बढी रहेको प्रतिबेदनमा उल्लेख छ । राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रमुख तथ्याङ्क अधिकारी डा. कमलप्रसाद पोखेलका अनुसार कार्यालयले अहिलेसम्म ६० भन्दा धेरै तथ्याङ्कीय प्रतिबेदन र बिषयगत प्रतिबेदनहरू प्रकाशन गरिसकेको छ । जनगणना अनुसार नेपालमा बालबालिकाको जनसङ्ख्या घट्दो दरमा रहेको र बालबिबाह, गरिबी, आर्थिक सक्रियता, बसाइँसराइ र मानसिक स्वास्थ्यजस्ता बिषयहरूले अझै गम्भीर चुनौती सिर्जना गरेको छ । चुनौतीको समाधानका लागि लक्षित, समाबेशी र प्रभावकारी नीतिगत हस्पक्षेप अपरिहार्य रहेको प्रतिबेदनले निष्कर्ष पनि निकालेको छ ।

**ब्रह्मपुरी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**ब्रह्मपुरी, सर्लाही**
**(मधेश प्रदेश, नेपाल)**

**सेवा करारमा सव-इन्जिनियर पदको पदपुर्ति सम्बन्धी सुचना**

*प्रथम पटक सुचना प्रकाशित मिति : २०८२/०९/३० गते ।*

यस कार्यालयको मिति २०८२/०९/२९ गते निर्णयानुसार लोक सेवा आयोगबाट पदपुर्ति नहुँदासम्मका लागि सहायक पाँचौ तह सव-इन्जिनियर पद (इन्जि. समुह/सिभिल उपसमुह) मा सेवा करारमा तत्कालको लागि राख्नुपर्ने भएको हुँदा हालसम्म केन्द्रिय लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगले प्रकाशित गरेको उक्त पदको विज्ञापनमा वैकल्पिक तथा अस्थायी योग्यता क्रममा सिफारिस भएका (संस्थानहरु समेतबाट वैकल्पिक परेका) तथा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेका उम्मेदवारहरुलाई ७ (सात) दिनभित्र निम्नानुसारको कागजात सहित यस कार्यालयमा वा इमेल brahmpuri.gp.sarlahi@gmail.com मा निवेदन दिनुहुन यो सुचना प्रकाशित गरिएको छ । तोकिएको मितिभित्र निवेदन दिने उम्मेदवारहरु मध्येबाट छनौट गरी सेवा करारमा नियुक्ति दिई कामकाजमा खटाइने व्यहोरा जानकारी गराइन्छ ।

तपसिल

| विज्ञापन नं. | पद | तह/समुह/उपसमुह | माग संख्या | कैफियत |
|---|---|---|---|---|
| १०/२०८२/०८३ | सव-इन्जिनियर | सहायक पाँचौ /ईन्जि. सिभिल | १ | |

पेश गर्नुपर्ने कागजातहरु :-
- निवेदन ।
- लोक सेवा आयोगको सिफारिस सुची (अन्तिम नतिजा प्रकाशन सुची) ।
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि (चारित्रिक प्रमाणपत्र र लाब्धाङ्क प्रमाणपत्र)।
- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
- कार्य अनुभव भए सो सम्बन्धि कागजात ।

नोट :- प्राप्त हुने कुल आवेदकहरु मध्ये अन्तवार्ता को माध्यबाट छनौट हुनेछ ।
- अन्तवार्ताको मिति पछि प्रकाशन गरिनेछ ।
- कार्य अनुभव हुने लागि प्राथमिकता दिइनेछ ।

*प्रमुख प्रशासकिय अधिकृत*